जंगल, कृषि, खानी, पर्यटन, शिक्षा र उच्च जीवनस्तर सहितको
समृद्ध पर्यटकीय नगर

# लेटाङ्ग नगरपालिका

# नगर क्षमता विकास योजना

२०७३ चैत्र

**जंगल, कृषि, खानी, पर्यटन, शिक्षा र उच्च जीवनस्तर सहितको समृद्ध पर्यटकीय नगर**

# लेटाङ्ग नगरपालिकाको

# नगर क्षमता विकास योजना (२०७३/०७४ - २०७५/०७६)


## लेटाङ्ग नगरपालिकाको कार्यालय, लेटाङ्ग

**फोन नं. ०२१५६०५५४, ५६००४४**
Website: letangbhogatenimun.gov.np
Email: letangbhogatenimunicipality@gmail.com


**सेवा प्रदायक संस्था**


# पाथ वे नेपाल
# इटहरी १, सुनसरी
# सम्पर्क : ०२५५८५३६८
Email: pathwaynepal@gmail.com

# दुई शब्द

दिगो विकासका लागि कुनै पनि संस्था वा निकायमा रहेको विद्यमान क्षमता स्थिति लेखाजोखा गर्ने र आवश्यकता अनुसार सुधार गर्दै जानु पर्ने हुन्छ । स्थानीय निकायहरुको क्षमता विकासका लागि स्थानीय विकास मन्त्रालयले नगर क्षमता विकास कार्यविधि २०६६ जारी गरिसकेको अवस्था छ । सोही कार्यविधि बमोजिम लेटाङ्ग नगरपालिकाले तीन वर्षीय क्षमता विकास योजना निर्माण गर्ने कार्य सम्पन्न गरेको छ । यो योजनाको कार्यान्वयनले नगरपालिकाको विकास व्यवस्थापन, आन्तरिक संरचना र जनशक्ति तथा सरोकारवालाहरुको क्षमता प्रवर्द्धन भइ नगरपालिकाको विकासमा महत्वपूर्ण टेवा पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

नगरपालिकाले सेवा प्रदायक संस्थाको जिम्मेवारी पाथ वे नेपाललाई दिएको छ । यो जिम्मेवारी प्रदान गर्नुहुने नगरपालिकाका कार्यकारी अधिकृत नारायण प्रसाद न्यौपानेलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । योजना तर्जुमा प्रक्रियामा संयोजन गर्नुहुने, सहभागी भएर सुझाव तथा सल्लाह प्रदान गर्नु हुने राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत कार्यालयका प्रतिनिधिहरु, नगरपालिकाको कार्यालयका कर्मचारीहरु, सामाजिक परिचालकहरु, उपभोक्ता समितिका प्रतिनिधिहरु, वडा नागरिक मञ्चका प्रतिनिधिहरु समेतलाई धन्यवाद ज्ञापन गर्दछु ।

योजना तर्जुमा प्रक्रियाको नेतृत्व गर्दै सहजीकरण, प्रतिवेदन तयारी सम्मको समग्र कार्य गर्नुहुने परामर्शदाता विदुर सुवेदी प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

नगरपालिकाको यो पहिलो क्षमता विकास योजना हो । यो योजनामा निरन्तर समिक्षा र सुधारको अवसर रहन्छ । योजनामा केही थप घट गर्नु पर्ने भए, सकारात्मक सुझावको अपेक्षा गर्दछु । भविष्यमा पनि नगरपालिकासँग यस प्रकृतिका कार्यहरु गर्ने अवसर प्राप्त हुनेछ भन्ने विश्वास सहित यो योजनाको सफल कार्यान्वयनको शुभकामना समेत दिन चाहन्छु ।

सुवास बस्नेत
कार्यकारि निर्देशक
पाथ वे नेपाल, ईंटहरी


मोरङ जिल्ला
धनकुटा
पाँचथर
इलाम
सुनसरी
झापा
N
W
E
S
केराबारी गाउपालिका
लेटाङ नगरपालिका
मिक्लाजुङ गाउपालिका
सुन्दरहरैचा नगरपालिका
बेलबारी नगरपालिका
उर्लाबारी नगरपालिका
पथरी शनिश्चरे नगरपालिका
कानेपोखरी गाउपालिका
बुढीगंगा गाउपालिका
ग्रामथान गाउपालिका
कटहरी गाउपालिका
रंगेली नगरपालिका
सुनवर्षी नगरपालिका
रतुवामाई नगरपालिका
धनपालथान गाउपालिका
विराटनगर उप नगरपालिका
जहदा गाउपालिका
प्रदेश नं १
संकेत
केन्द्र
जिल्ला सिमाना
वडा सिमाना
0 1 2 4 6
Kilometers

# विषय सूची


| विषयवस्तु | | पेज |
|---|---|---|
| दुई शब्द | | ३ |
| लेटाङ्ग नगरपालिकाको नक्सा | | ४ |
| विषयसूची | | ५ |
| १. | परिचयः | ६ |
| १.१ | लेटाङ्ग नगरपालिकाको संक्षिप्त | |
| १.२ | क्षमता विकास योजनाको परिचय | |
| २ | योजना निर्माण विधि तथा प्रक्रिया | ७ |
| ३ | योजनाको दृष्टिकोण (दूरदृष्टि) | ९ |
| ४ | नगरपालिकाको विद्यमान क्षमता विश्लेषण | ९ |
| ५ | नगर क्षमता विकासका रणनीतिहरु | १० |
| ६ | लक्ष्य, उद्देश्य, प्रतिफल | १० |
| ७ | क्रियाकलापहरु, कार्यान्वयन योजना र वजेट | १४ |
| ७.१ | क्रियाकलापहरु, कार्यान्वयन योजना र वजेट तालिका | १५ |
| ७.२ | बजेट स्रोतको समग्रता तथा प्रक्षेपण | २० |
| ८ | कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन योजना | २१ |
| ९ | दिगोपना | २२ |
| अनुसूचीहरु | | |
| अनुसूची १ | क्रियाकलापहरुको प्राथमिकीकरण | २४ |
| अनुसूची २ | क्षमताको लेखाजोखा स्थिति | २६ |
| अनुसूची ३ | सरोकारवालाहरुको विश्लेषण | ३६ |
| अनुसूची ४ | क्षमता विकास योजना तर्जुमा क्रियाकलाप तालिका | ३७ |
| अनुसूची ५ | योजना तर्जुमा प्रक्रियामा रहेको सहभागिता विवरण | ३८ |
| सन्दर्भ सामग्रीहरु | | ४० |

# १. परिचयः

## १.१ लेटाङ्ग नगरपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारको २०७१ मंशिर १६ गतेको निर्णय बमोजिम लेटाङ्ग भोगटेनी नगरपालिकाको गठन भएको हो । यो नगरपालिका निर्माण गर्दा तत्कालिन लेटाङ्ग गा.वि.स. र भोगटेनी गा.वि.स. मिलाइएको थियो । २०७३ साल फागुनमा नगरपालिकाका २ देखि ११ वटा वडाहरु, जाँते गा.वि.स.का ३ र ४ वडा बाहेकका वडाहरु र वारङ्गी गा.वि.सका सबै वडाहरु समेटेर ९ वडा भएको लेटाङ्ग नगरपालिका गठन भएको छ ।

यो नगरपालिका पूर्वमा मिक्लाजुङ्ग गाउँपालिका, पश्चिममा केराबारी गाउँपालिका, उत्तरमा धनकुटा जिल्लाको चौविसे गाउँ पालिका र दक्षिणमा चारकोसे झाडी सिमाना भित्र फैलिएको छ । दुइवटा गाउँ पालिका समेटिनु अघि यस नगर पालिकाको क्षेत्रफल १३४.८ वर्ग किलोमिटर रहेको थियो । नगरपालिकाको जनसंख्या ३२०५३ रहेको छ । नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । नगरपालिकाको क्षेत्रफल २१९.२३ वर्ग किलोमिटर रहेको छ ।

यो नगरपालिकामा रहेका मुख्य खोलाहरुमा चिसांग र मोरंगे रहेका छन् । यो नगरपालिका भित्र राजारानी ताल छ, जसलाई पर्यटकीय र पौराणिक किसिमले महत्वपूर्ण मानिन्छ । यस बाहेक गुवाबारी डाँडा, साग्मा डाँडा, गुर्धुम डाँडा र कालीपोखरी महत्वपूर्ण पर्यटकीय क्षेत्र मानिन्छन् । लेटांग बजार धनकुटाको छ नं. बुधबारे जाने सडक खण्डको नाकाको रुपमा रहेको छ ।

नगरपालिका क्षेत्रमा मिश्रित जातीगत बसोबास रहेको छ । जसमा खस आर्य, जनजाति, दलित समुदायको बसोबास रहेको छ । नगरपालिकाका बासिन्दाको मुख्य पेशा कृषि रहेको देखिन्छ भने बजार क्षेत्रमा व्यापार व्यवसाय मुख्य पेशाको रुपमा अवलम्बन गरेको पाइन्छ ।

नगरपालिकाको आयका मुख्य मुख्य आन्तरिक स्रोतहरुमा एकिकृत सम्पति कर, व्यवसाय कर, मालपोत कर, नक्सा पास दस्तुर, सिफारिस तथा नाता प्रमाणित दस्तुर, सवारी कर, लगायत रहेका छन् । नगरपालिकाले आ.व. २०७२/०७३ मा रु. ४२७६००० आन्तरिक आम्दानी गरेको देखिन्छ ।

नगरपालिकाले विकासका लागि मुख्यतः सामाजिक विकास, भौतिक पूर्वाधार विकास लगायतका कार्यहरु गरिरहेको छ । यस नगरपालिकाले विकास गतिविधिहरु संचालन गर्नका लागि नगरपालिका क्षेत्रमा रहेका सरकारी कार्यालयहरु, गैससहरु, उपभोक्ता समितिहरु तथा निजी तथा व्यवसायी संगठनहरु रहेका छन् । नगर विकासलाई टेवा दिनका लागि नगरपालिकाको विद्यमान संगठनका अतिरिक्त यिनै सरोकारवाला निकायहरुको क्षमता विकास अपरिहार्य रहेको छ ।

## १.२ क्षमता विकास योजनाको परिचय

स्थानीयस्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण वनाई मुलुकको शासन व्यवस्थामा जनताको वढी भन्दा वढी सहभागिता प्रर्वद्धन गर्न र स्थानीय जनतालाई स्थानीयस्तरमा नै सेवा उपलव्ध गराउन तथा लोकतन्त्रको स्थानीयस्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्तताको विकास गर्नका लागि

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३९ मा स्थानीय शासन सम्वन्धी व्यवस्था गरिएको छ । स्थानीय स्वायत्त शासन ऐनको दफा २३५ मा नेपाल सरकारले स्थानीय निकायको सुदुढीकरण तथा क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागु गर्न सक्ने व्यवस्था गर्नका साथै स्थानीय निकायहरुलाई विकेन्द्रीकरण र स्थानीय स्वायत शासनको मर्म अनुरुप स्थानीय विकास, स्थानीय सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यबस्था गरेको छ ।

यीनै संवैधानिक र कानूनी प्रावधानका आधारमा नेपाल सरकार, स्थानीय विकास मन्त्रालयले २०६६ माघमा नगर क्षमता विकास कार्यविधी निर्माण गरेको छ । उक्त कार्यविधी अनुरुप नगरपालिकाहरुले क्षमता विकास योजना निर्माण गर्नै पर्ने र सो बमोजिम नगरमा संचालन हुने क्षमता विकासका गतिविधीहरु एकिकृत रुपमा संचालन गर्नुपर्ने प्रावधानहरु सुनिश्चित गरेको छ । कार्यविधीले निर्दिष्ट गरे अनुसार स्थानीय निकायका सेवा प्रवाह र स्थानीय नेतृत्वका लागि प्राप्त अधिकार सम्वन्धी जिम्मेवारीलाई पूरागर्दै विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय निकायहरुको क्षमता विकास हुनु अनिवार्यता महसुस गरेको छ ।

नगरपालिकाले विभिन्न निकायहरुको सहयोग र आफ्नै वार्षिक वजेटमा व्यवस्था गरि क्षमता विकाससँग सम्वन्धित गतिविधीहरु संचालन गर्दै आएको छ । त्यस्ता क्रियाकलापहरु व्यवस्थित र योजनाबद्ध तरिकाले सम्पादन हुन अपरिहार्य हुन गएको छ ।

सक्षम र सबल नगरपालिकाबाट मात्र नगर क्षेत्रको विकास हुने, प्रभावकारी सेवा प्रवाह गर्न सक्ने र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन गर्न सकिने भएको हुँदा लेटाङ्ग नगरपालिकाले नगर क्षमता विकास सम्वन्धी कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न नगर क्षमता विकास योजना तयार गरेको छ । यो योजनाले नगरपालिकाले तयार गरेको आवधिक नगर विकास योजनाले लक्ष गरेका योजना सम्पादन गर्न, स्थानीय स्वायत्त शासन ऐन अनुरुप नगरपालिकालाई सक्षम बनाउन योगदान गर्ने भन्ने विश्वास लिइएकोछ ।

नगरपालिकाले सुशासन तथा संस्थागत क्षमता विकास सम्वन्धी नीति समेत पारित गरेको छ । जस अनुसार स्थानीय निकाय, विषयगत कार्यालय तथा अन्य संघ संस्थाहरुको संस्थागत क्षमता विकास गर्न प्राथमिकता दिइने उल्लेख गरिएको छ ।

## २ योजना निर्माण विधी तथा प्रक्रिया

नगरपालिकाले क्षमता विकास योजना तर्जूमा गर्दा नगर क्षमता विकास कार्यविधि २०६६ लाई अनुशरण गरेको छ । यस अन्तर्गत नगरपालिकाले नगर क्षमता विकास समन्वय समितिको गठन गरि सो समितिले क्षमता विकास योजना निर्माण गर्ने निर्णय गरेको छ । समितिले क्षमता विकास फोकल पर्सन तयार गरि फोकल पर्सन र सेवा प्रदायकलाई योजना तर्जुमा सम्वन्धी अभिमुखिकरण गराइएको छ ।

यसपछि क्रमशः सरोकारवाला निकायहरुको पहिचान गरि ती निकायहरु समेतमको सहभागितामा क्षमता विकासको रणनीति, क्षमता विकासका साझेदारहरु, योजना तर्जुमा प्रक्रिया र क्षमता विकास बजेटका संभाव्य श्रोतहरुबारे अभिमुखीकरण गरियो । योजनाको क्रममा क्षमता विकाससँग सूचना संकलन तथा विश्लेषण गरियो । यसरी सूचना विश्लेषण गर्दा शहरी विकास तथा

सेवा प्रवाह सम्बन्धि विद्यमान नीति, रणनीति, कार्यविधि, दस्तावेजहरु अध्ययन र विश्लेषण गर्दै नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको मुल्याङ्कन प्रतिवेदन अध्ययन तथा विश्लेषण गरिएको छ । सरोकारवालाको रुपमा रहेका उपभोक्ता समिति, टोल विकास संस्था, गैसस, नीजि क्षेत्र र विषगत निकायहरुको क्षमता लेखाजोखा (क्षमताको विद्यमान स्थिति, फरक तथा आवश्यकता) पहिचान गर्ने कार्य गरियो । आश्यकता पहिचान पश्चात विद्यमान स्थिति, फरक तथा आवश्यकताको आधारमा क्षमता विकास योजना तर्जुमा कार्यशाला सम्पन्न गरियो ।

विद्यमान स्थिती र आवश्यकताको प्रस्तुती पश्चान क्षमता विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा तत्कालिन प्रतिफल छलफल तथा तर्जुमा गरियो । यसका साथै क्षमता विकासका विभिन्न श्रोतहरुबाट उपलब्ध हुने र हुन सक्ने बजेटको अनुमान, क्षमता विकास क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण, क्षमता विकास क्रियाकलापहरुको वर्गीकरण र श्रोत विनियोजन गर्दै कार्ययोजना निर्माण गरियो । यही प्रक्रियालाई योजनाको रुपमा तयार गरि नगर क्षमता विकास योजना दस्तावेज तयारी गरियो र उक्त क्षमता विकास योजना बारे सरोकारवाला निकायलाई जानकारी गराउने कार्य समेत गरियो ।

क्षमता विकास योजना निर्माण गर्दा आवधिक नगर विकास योजना, विद्यमान नीतिहरु, तालिम आवश्यकता पहिचान लगायतका अभिलेखहरुको अध्ययन गर्दै सरोकारवालाहरुको सहभागितामा कार्यशाला गरि क्षमता विकास योजना तर्जुमा गरियो ।  बुँदागत रुपमा योजना तर्जुमा प्रक्रियालाई निम्न अनुसार हेर्न सकिन्छ । (योजनातर्जुमा तालिकालाई अनुसूची ४ मा उल्लेख गरिएकोछ । साथै योजना तर्जुमा प्रक्रिया सम्वन्धी समन्वय समितिका वैठकका निर्णयहरु र कार्यशालाको उपस्थिति तथा निर्णको विस्तृत विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ ।)

- क्षमता विकासको रणनीति, क्षमता विकासका साझेदारहरु, योजना तर्जुमा प्रक्रिया र क्षमता विकास बजेटका संभाव्य श्रोतहरुबारे सरोकारवालाहरुलाई अभिमुखीकरण
- सरोकारवालाहरु विश्लेषण (अनुसूची ३ मा उल्लेख गरिए बमोजिम)
- क्षमता विकाससँग सम्बन्धित सूचना संकलन तथा विश्लेषण (शहरी विकास तथा सेवा प्रवाह सम्बन्धि विद्यमान नीति, रणनीति, कार्यविधि, दस्तावेजहरु, नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको मुल्याङ्कन प्रतिवेदन अध्ययन तथा विश्लेषण
- विद्यमान क्षमता लेखाजोखा (उपभोक्ता समिति, टोल विकास संस्था, गैसस, नीजि क्षेत्र र विषगत निकायहरु र नगरपालिका)
- क्षमता विकास योजना तर्जुमा कार्यशाला (विद्यमान क्षमता स्थिति तथा आवश्यकता निष्कर्ष प्रस्तुति
- क्षमता विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा तत्कालिन प्रतिफलहरुबारे छलफल
- क्षमता विकासका विभिन्न श्रोतहरुबाट उपलब्ध हुने र हुन सक्ने बजेटको अनुमान
- क्षमता विकास क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण
- क्षमता विकास क्रियाकलापहरुको वर्गीकरण, सम्भाव्य स्रोतको पहिचान र स्रोत विनियोजन
- कार्ययोजना तयारी तथा प्रस्तुतिकरण
- नगर क्षमता विकास योजना दस्तावेज तयारी

# ३ योजनाको दृष्टिकोण (दूरदृष्टि)

लेटाङ्ग नगरपालिकाले वार्षिक योजनाहरु निर्माण गर्ने कार्यहरु गरिरहेको छ भने वृहत वा आवधिक योजना निर्माण गरिसकेको अवस्था देखिँदैन । यद्यपी नगरपालिकाले तयार गरेको जुनसुकै योजना सम्पन्न गर्न नगरपालिकामा आन्तरिक क्षमता अपरिहार्य छ । साथ साथै नगरपालिकासँग सहकार्य गर्न सक्ने वा नगरपालिकाले सेवा प्रवाह गर्नुपर्ने साझेदार तथा सरोकारवालाहरु सबैको भौतिक तथा वित्तिय, संस्थागत संरचना, मानव संशाधन र सेवा प्रवाह गर्न सक्ने तथा सेवा ग्रहण गर्नसक्ने दक्षता अपरिहार्य छ । यही अपरिहार्यतालाई मध्य नजर गर्दै नगरपालिकाले नगर क्षमता विकास योजना निर्माण गरेको छ । यसर्थ यो क्षमता विकास योजनाको दृष्टिकोणले नगर आवधिक विकास योजनाको दृष्टिकोण पुरा गर्न सहयोगी बनेको हुनुपर्छ ।

लेटाङ्ग नगरपालिकाले आवधिक विकास योजनामा तय गरेको नगरको दूर दृष्टि **"लेटाङ्ग नगर : सुन्दर, समुन्नत र हरियाली शहर"** हो । दीर्घकालीन सोचले परिकल्पना गरेको शहर भनेको व्यवस्थित सडक तथा बस्ती, आर्थिक र सामाजिक दृष्टिले उन्नतिशिल नगरबासी र वातावरण तथा सरसफाइमा सदैव ध्यान दिइरहने, कृषि, पर्यापर्यटन र वातावरणमैत्री शहर को कल्पना हो । शहरबासी पनि सभ्य र शालिन, प्राकृतिक वातावरण संरक्षण भएको, हराभरा, मनमोहक दृश्य (प्राकृतिक, सामाजिक वा साँस्कृतिक) ले सजिएको, परिश्रमी पौरखीहरुको शहर, उद्योग एवं उद्यम मार्फत् आर्थिक विकास तर्फ अग्रसर शहर हो ।

क्षमता विकास योजनाको सोचले नगरपालिकाले तयार गरेको यो दृष्टिकोण पुरा गर्नका लागि सहयोग गरेको हुनुपर्छ । यसर्थ नगरपालिकाको क्षमता विकास सम्वन्धी दिर्घकालीन सोच नगरपालिकाको आवधिक विकास योजनामा आधारित रहेर तयार भएको छ । जसलाई छोटकरीमा **नगर विकासका लागि समन्वय, साझेदारी र सक्षमता** भनिएको छ ।

विकास भन्नाले लेटाङ्ग नगरपालिकाले परिकल्पना गरेको नगरपालिकाको अवस्था हो भने सक्षमताले उक्त अवस्थामा पुग्न तथा सो को व्यवस्थापन गर्न आवश्यक संरचनागत, नीतिगत वा व्यवस्थापकीय क्षमता भन्ने अर्थ राखेको छ । सक्षमता भित्र व्यक्ति तथा संस्था समूहहरु सबैको क्षमता विकासको लक्ष्य राखिएको छ । समन्वय र साझेदारी भनेको नीजि तथा सार्वजनिक क्षेत्रसँगको समन्वय र साझेदारी हो ।

# ४ नगरपालिकाको विद्यमान क्षमता विश्लेषण

योजना तर्जुमा गर्ने क्रममा विद्यमान अवस्था पहिचान गरेर मात्र आगामी दिनमा गर्नुपर्ने कामहरु निर्धारण गर्न सकिन्छ । लेटाङ्ग नगरपालिकाको पनि क्षमता विकास अवस्था पहिचान गर्ने काम सहभागीतामूलक तरिकाबाट सम्पन्न गरियो । क्षमता विश्लेषणको क्रममा मुख्यतः ६ वटा क्षेत्रहरु ( विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, शहरी वातावरण व्यवस्थापन र सम्वन्ध तथा सहकार्य विकास व्यवस्थापन) मा नगरपालिका भित्र रहेको भौतिक तथा वित्तिय सक्षमता, नीति, कार्यविधी तथा प्रणालीको व्यवस्था, मानव संशाधन र कार्य सक्षमताका पक्षहरुलाई विश्लेषण गरिएको थियो । सो विश्लेषण गर्दा सम्वन्धीत क्षेत्रमा नगरपालिकाले चाहेको

अवस्था, नगरपालिकामा विद्यमान क्षमता, क्षमता न्यूनता र क्षमता विकास आवश्यकताको पहिचान गर्ने कार्य गरिएको थियो । यसरी प्राप्त भएको नगर क्षमता विश्लेषण अवस्थालाई अनुसूची २ मा राखिएको छ ।

नगरपालिकाको क्षमता विकासको अवस्था विश्लेषणको क्रममा नगरपालिकाको कार्य सम्पादन मूल्यांकन प्रतिवेदनहरुलाई समेत आधार बनाइएको छ । उक्त प्रतिवेदनका आधारमा नगरपालिकाका सुधारात्मक पक्षहरुमा सहभागितात्मक नगर योजना तर्जूमा, सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई, आयव्ययको यथार्थता र वजेट कार्यान्वयन, सम्पत्ति व्यवस्थापन, प्रशासनिक खर्चको अधिकतम सीमा पालना, प्रोद्भावी लेखा प्रणाली, लेखाको गुणस्तर र पेश्किको अवस्था, विषयगत गुरुयोजना निर्माण, सम्भाव्यता अध्ययन, वार्षिक कार्य तालिका, सार्वजनिक परीक्षण, प्रभाव मूल्यांकन रहेका छन् ।

# ५ नगर क्षमता विकासका रणनीतिहरु

क्षमता विकास योजना कार्यान्वयन गर्नका लागि नगरपालिकाले निम्नअनुसारका रणनीतिहरु अवलम्बन गरेको छ ।

- नगरपालिकामा क्षमता विकास योजना कार्यान्वयनको नेतृत्व गर्न मानव संशाधन विकास शाखाको गठन तथा परिचालन गरिनेछ ।
- नगरपालिकाले विनियोजन गरेका क्षमता विकास योजना सम्वन्धीका सबै बजेटहरु मानव संशाधन विकास शाखा मार्फत खर्च गर्ने पद्धती अवलम्बन गरिनेछ ।
- मानव संशाधन विकास शाखाले तालिम संचालन गर्नका लागि आवश्यक विधि तथा नियमहरु तयारी गर्नेछ ।
- कोष व्यवस्थापनका लागि नगर क्षमता विकास कोषको स्थापना गरिनेछ ।
- नगर क्षमता विकासका लागि वाह्य सहयोग परिचालनका अतिरिक्त नगरपालिकाले वार्षिक वजेटमा वृद्धि गर्नेछ ।
- क्षमता विकास कार्यहरु लैंगिक तथा सामाजिक समावेशिकरण नीति अनुरुप संचालित गरिनेछन्
- नगर क्षमता विकास योजना कार्यान्वय गर्न नगर स्थित सरोकारवाला संस्था, नीजी क्षेत्र र अन्य निकायहरुसँगको समन्वय एवं साझेदारीलाई वढाइनेछ ।
- नगरपालिकाले क्षमता विकास कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न वाहय सेवा प्रदायकहरुको संलग्नता बढाउनेछ ।
- क्षमता विकास योजना अनुरुपका तालिम गतिविधीहरु संचालन गर्दा लैंगिक तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरुप सहभागिता सुनिश्चित गरिनेछ ।

# ६ लक्ष्य, उद्देश्य, प्रतिफल

नगर क्षमता विकास योजनाका लक्ष्य, उद्देश्यहरु, प्रतिफल र सूचकहरुलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ६.१ लक्ष्य :

नगरपालिका क्षेत्रमा सम्पादन हुने विकास निर्माण कार्यलाई सामाजिक समावेशी र सहभागितामूलक प्रक्रियाबाट दिगो तथा प्रभावकारी बनाउन नगरपालिकाको आन्तरिक संगठन तथा सरोकारवालाहरुको कार्यसम्पादन क्षमता विकास गरि सेवा प्रवाहलाई सहज बनाउन योगदान गर्ने ।

## ६.२ उद्देश्यहरु :

क्षमता विकास योजनाका उद्देश्यहरु निम्नअनुसार रहेका छन् ।

क) नगरपालिकाको क्षमता विकासका लागि क्षमता विकास नीति तथा संयन्त्रहरु स्थापित गर्ने ।

ख) नगरपालिका भित्र साझेदार निकायहरुबाट संचालन हुने क्षमता विकासका कार्यहरु एकीकृत रुपमा संचालन गर्न र संचालित कार्यहरुको गुणस्तरीयता सुनिश्चितताका लागि नीतिगत संयन्त्रहरुको निर्माण र परिचालन हुनेछ ।

ग) नगरस्तरका सेवाग्राहीहरु र सेवा प्रदायकहरुको सोंच र क्षमतामा सकारात्मक परिवर्तन गरी सेवा प्रवाहमा गुणात्मक सुधार हुनेछ ।

## ६.३ प्रतिफल

उपरोक्त उद्देश्यबाट निम्नलिखित ६ वटा मुख्य प्रतिफलको आशा गरिएको छ । प्रतिफल तथा सूचक निम्न अनुसार रहेकाछन् ।

**प्रतिफल : १** नगरपालिकाले संचालन गर्ने विकास कार्यहरु दिगो र सामाजिक समावेशी बन्न शुरु भएका हुनेछन् ।

**सूचकहरु :**

- आवधिक नगरविकास योजना निर्माण भएको हुने ।
- विकास कार्यमा सामाजिक रुपले गरिव, विपन्न हरु लगायत महिला, दलित तथा जनजातीहरुको सहभागितामा वृद्धि भएको हुने ।
- नगरपालिकाले वार्षिक योजनाका साथ साथै कार्ययोजना निर्माण गरि विकास कार्य संचालन गरेको हुनेछ ।
- नगरपालिकाका कर्मचारीहरु, उपभोक्ता समितिहरु र प्राविधिक शाखाका कर्मचारीहरु गरि कम्तिमा १५० जनाले योजना कार्यान्वयन क्षमता वढाउन आवश्यक तालिम प्राप्त गरेका हुनेछन्
- योजनाको दिगोपनाका लागि नगरपालिकाले मर्मत सम्भार कोष संचालन सम्वन्धी नीति तयार गरेको हुने ।

- अनुगमन मूल्यांकन प्रणालीको स्थापना भएको हुने ।
- नगरपालिकामा संचालन हुने सबै भौतिक पूर्वाधार योजनाहरुको सार्वजनिक परिक्षण भएको हुने
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति पारित भएको हुने
- नगरपालिकाले संचालन गरेका ठूला योजनाहरुको प्रभाव मूल्यांकन भएको हुने ।

**प्रतिफल २** नगरपालिकाको संगठन व्यवस्थापनमा क्षमता सुदृढ हुनका साथै कर्मचारीहरुको कार्यसम्पादन क्षमतामा अभिवृद्धि भएको हुनेछ ।

सूचकहरु :

- नगरपालिकामा नीतिगत रुपमा संचालन हुनुपर्ने समितिहरुको गठन र परिचालनका निर्देशिका बनेको हुने ।
- अन्तर समिति समन्वय वैठकहरु नियमित रुपमा संचालन भएको हुने ।
- कर्मचारीहरुको कार्यविवरणमा तयारी तथा पुनरावलोकन भएको हुने ।
- कर्मचारी आचार संहिता तयार भइ लागु भएको हुने ।
- कार्यसम्पादन मूल्यांकनको आधारमा कर्मचारीहरु र उपभोक्ता समितिहरु पुरस्कृत भएको हुने ।
- क्षमता विकास योजनालाई एकिकृत रुपमा संचालन गर्न नगरपालिकामा मानव संशाधन विकास इकाई तथा क्षमता विकास कोषको स्थापना भएको हुने ।
- नगरपालिकाको सांगठनिक संरचनाको पुनरावलोकन भएको हुनेछ ।

**प्रतिफल ३** नगरपालिकाको वित्तीय व्यवस्थापनमा सुधार भई आन्तरिक आयमा वृद्धि भएको हुनेछ ।

सूचकहरु

- राजस्व परिचालन नीति निर्माण भएको हुने ।
- खर्च व्यवस्थापन कार्यविधीको निर्माण भई कम्प्युटर प्रणालीबाट लेखा व्यवस्थापन भएको हुने ।
- वार्षिक खरिद योजना तयार भई सोही योजना मुताविब खरिद कार्य भएको हुने ।
- नगरपालिकाको आन्तरिक आयमा २५ प्रतिशतले वृद्धि भएको हुने ।

**प्रतिफल ४** नगरपालिकाले सूचना प्रणाली व्यवस्थित गरि कार्यसम्पादन तथा सेवा प्रवाहमा सुधार ल्याएको हुनेछ ।

सूचकहरु

- नगरपार्श्वचित्र प्रकाशन भएको हुने ।
- नगर विकास योजनामा भूसूचना प्रणाली लागु भएको हुने ।
- समयमा नै व्यक्तिगत घटना दर्ता गर्ने सर्वसाधारणको संख्यामा वृद्धि भएको हुने ।
- नगरपालिकाको अभिलेख प्रणालीलाई कम्प्युटरिकृत गरिएको हुने ।
- हरेक शाखाहरुमा इन्टरकम र नेटवर्कींग भएको हुने ।

- नगरपालिकाको वेवसाईट निर्माण तथा अद्यावधिक भएको हुने ।
- नगरपालिकाले स्थानीय पत्रपत्रिका तथा सामुदायिक रेडियोहरुमार्फत गतिविधिहरु नियमित रुपमा सार्वजनिक गरेको हुने ।
- सेवाग्राहीले नगरपालिकाबाट चाहेको सेवा सहजतरिकाले प्राप्त गरेको हुने ।

**प्रतिफल ५** नगरपालिकाको शहरी वातावरण व्यवस्थापन क्षमतामा वृद्धि भएको हुनेछ ।

सूचकहरु

- शहरी वातावरण सुधार सम्वन्धी आन्तरिक नीति तथा कार्यविधी तयार भएको हुनेछ ।
- शहरी वातावरण सुधार योजना तर्जुमा भएको हुने ।
- फोहर मैला व्यवस्थापन सम्वन्धी नियमित तालिम उपलब्ध गराइएको हुने ।
- मासु व्यवसायलाई सुरक्षित बनाउन मासु व्यवसायीहरुलाई समेत तालिम उपलब्ध गराइएको हुने ।
- स्थानीय स्तरमा जोखिम व्यवस्थापन गर्नका लागि जोखिम व्यवस्थापन सम्वन्धि संयन्त्रहरु स्थापित गरि सो को क्षमता विकास गरिएको हुने ।

**प्रतिफल ६** नगरपालिकाको क्षमता विकासका लागि सरोकारवालाहरुसँग समन्वय र साझेदारी विकास भएको हुनेछ

सूचकहरु

- नगर क्षमता विकास योजना कार्यान्वयन गर्न जिल्लामा संचालन भएका विभिन्न परियोजनाहरुबाट सहयोग भएको हुने ।
- टोल वस्ती संगठन तथा उपभोक्ता समूहहरु परिचालनका लागि नगरपालिकाले नीति तयार गरेको हुने ।
- गैससहरुसँग समन्वय वढाउन गैसस समन्वय समिति गठन गरिएको हुने ।
- नगरपालिकाले उपभोक्ता समिति परिचालनका लागि कार्यविधी निर्माण गरेको हुने ।
- महिला स्वास्थ्य स्वयंसेवीका र मध्यस्थ सेवा संचालन गर्न कार्यविधी तयार भएको हुने ।
- निजी क्षेत्रसँग सहकार्य बढाउनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन कार्यविधि तयार गरेको हुने ।
- सार्वजनिक निजी साझेदारी क्षेत्र पहिचानका लागि अध्ययन गरिएको हुने ।

# ७ क्रियाकलापहरु, कार्यान्वयन योजना र वजेट

क्षमता विकासका क्रियाकलापहरु निर्धारण गर्दा मुख्यतः सरोकारवालाहरुको क्षमता विकास अवस्थाको विश्लेषणलाई मुख्य आधार मानिएको छ । नगर क्षमता विकासका लागि छलफलबाट प्राप्त भएका क्रियाकलापहरुको प्राथमिकीकरण अनुसूची १ मा गरिएको छ । यसका साथै आवधिक नगरविकास योजना, नगरपालिकाको संस्थागत विकास अध्ययन प्रतिवेदन, तालिम आवश्यकता पहिचान र नगरपालिकाको कार्यसम्पादन क्षमता मूल्यांकन प्रतिवेदनलाई आधार बनाइएको छ । क्षमता विकास योजनाले परिलक्षित गरेका प्रतिफल प्राप्त गर्न र निर्धारित उद्देश्य पुरा गर्दै लक्ष्य प्राप्तीमा सहयोग गर्न क्रियाकलापहरु निर्धारण गरिएकोछ । निर्धारित ढाँचामा क्रियाकलापहरु, कार्यान्वयन समय, लागत अनुमान, लगानीको सम्भावित क्षेत्रको निर्धारण गरिएकोछ । फारममा उल्लेखित क्षमता विकासका आवश्यकताहरु नै क्षमता विकासका क्रियाकलापका आधारहरु हुन् । जसले नगरपालिकाले क्षमता विकासका लागि लक्षित गरेका प्रतिफल प्राप्त गर्न सहयोग गरेको हुनेछ भन्ने विश्वास लिइएको छ ।

## ७.१ क्रियाकलापहरु, कार्यान्वयन योजना र वजेट तालिका

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | लक्ष्य | | समयावधि | | | | | | | लागत रु हजारमा | | | | | | | श्रोत न.पा. | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | पटक | ०७३/०७४ | २०७४/०७५ | | | २०७५/०७६ | | | ०७३/०७४ | २०७४/०७५ | | | २०७५/०७६ | | | | |
| | | | | ते.चौ | प.चौ | दो.चौ | ते.चौ | प.चौ | दो.चौ | ते.चौ | ते.चौ | प.चौ | दो.चौ | ते.चौ | पाँचौ | दो.चौ | ते.चौ | | |
| १ | **विकास व्यवस्थापन ( प्रतिफल १ सँग सम्वन्धित)** | | | | | | | | | | | | | | | | | | |
| १.१ | आवधिक नगर विकास योजना तयारी र प्रकाशन । | पटक | १ | | | * | | | | | | | ५०० | | | | | न.पा. | HRDC |
| १.२ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी रणनीतिक योजना तर्जुमा । | पटक | १ | | | * | | | | | | | १०० | | | | | | सामुदायिक विकास शाखा |
| १.३ | अनुगमन र मूल्यांकन प्रणाली तथा कार्यविधि निर्माण | पटक | १ | | * | | | | | | | १०० | | | | | | | योजना शाखा |
| १.४ | टोलवस्ती संगठन र उपभोक्ता समूहहरुलाई सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, गरिव तथा समावेशीकरणमुखी विकास व्यवस्थापन सम्वन्धी अभिमुखीकरण । | पटक | ६ | | | * | * | * | * | * | | | ७५ | ७५ | ७५ | ७५ | ७५ | | मानवव संशाधन विकास शाखा |
| १.५ | लक्षित समूह पार्श्वचित्र | | | | | | * | | * | | | | | ३०० | | ३०० | | | सामजिक विकास शाखा |
| १.६ | मर्मत सम्भार कोष संचालन निर्देशिका तयारी | पटक | १ | | | * | | | | | | | १०० | | | | | न.पा. | योजना |
| १.७ | क्षमता विकास योजनाको समिक्षा | | | | | | | * | | | | | | | १०० | | | | मानव संशाधन |
| १.८ | सार्वजनिक निजी साझेदारीमार्फत कार्यक्रम गर्न अध्ययन | | | * | | | | | | | १५० | | | | | | | | सा नि सा इकाई |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.९ | विकास योजनाको प्रभाव मूल्यांकन | | | * | | | | | | | १०० | | | | | | | | योजना |
| २ | **संगठनात्मक व्यवस्थापन** | | | | | | | | | | | | | | | | | | |
| २.१ | मानव संशाधन विकास शाखाको गठन तथा क्षमता विकास कोषको स्थापना | पटक | १ | * | | | | | | | २५ | | | | | | | न.पा. | मा वि शा |
| २.१ | क्षमता विकास योजना तर्जुमा , योजना पुस्तिका प्रकाशन | पटक | १ | * | | | | | | | १५० | | | | | | | | मा वि शा |
| २.३ | मानव संशाधन विकास शाखाका संचालन का लागि निर्देशिका तथा नर्म्स निर्धारण | पटक | १ | * | | | | | | | १०० | | | | | | | | मा वि शा |
| २.४ | राजनीतिक दल र कर्मचारीहरुका लागि स्थानीय सम्बन्धमा अनुशिक्षण | पटक | २ | | | * | | | * | | | | १५० | | | १५० | | न.पा. | प्रशासन |
| २.५ | कर्मचारीहरु र निर्वाचित पधाधिकारीहरुलाई सकारात्मक सोच सम्वन्धि तालिम | पटक | २ | | | * | | | * | | | | १५० | | | १५० | | | प्रशासन |
| २.६ | कर्मचारीहरुलाई वार्षिक कार्यतालिका निर्माण सम्वन्धी अभिमुखिकरण | पटक | १ | * | | | | | | | ५० | | | | | | | न.पा. | प्रशासन |
| २.७ | सांगठनिक विकास अध्ययन | पटक | १ | | | | * | | | | | | | ३०० | | | | न.पा. | मा वि शा |
| २.८ | नगरपालिकाका कर्मचारी र उपभोक्ता समितिहरुलाइ सुशासन सम्वन्धी तालिम | पटक | | | | | * | | | * | | | | १०० | | | १०० | | मा वि शा |
| २.९ | प्राविधिक कर्मचारीका लागि सर्वे डिजाइन सम्वन्धी आधारभूत तालिम | पटक | १ | | * | | | | | | | ७५ | | | | | | न.पा. | योजना |
| २.१० | अध्ययन अवलोकन भ्रमण ( संयन्त्र, कर्मचारी र समिति) | पटक | ३ | * | | * | | * | | | २०० | | २०० | | २०० | | | न.पा. | मा वि शा |
| २.११ | कर्मचारीहरुलाई श्रोत परिचालन तथा व्यवस्थापन तालिम | पटक | १ | | | * | | | | | | | ४० | | | | | न.पा. | मा वि शा |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१२ | उपभोक्ता समूह तथा टोल वस्ती संगठनलाई परियोजना व्यवस्थापन तालिम | पटक | ४ | | | | * | * | * | * | | | | ७५ | ७५ | ७५ | ७५ | | गानसा |
| २.१३ | कर्मचारीहरुको आचार संहिता निर्माण गरि सार्वजनिकीकरण | पटक | १ | | * | | | | | | | ७५ | | | | | | | मा वि शा |
| २.१४ | शाखा प्रमुख तथा गैसस र उपभोक्ता समूहहरुलाई परियोजना प्रस्ताव लेखन तथा प्रतिवेदन लेखन तालिम | पटक | १ | | | | | * | | | | | | | १५० | | | | मा वि शा |
| २.१५ | समिति सदस्यहरुलाई विषय क्षेत्रसँग सम्वन्धित अभिमुखिकरण | पटक | १ | | | * | | | | | | | ७५ | | | | | | मा वि शा |
| २.१६ | नपाका विभिन्न समितिहरुवीच अन्तर समिति समन्वय वैठक | पटक | ३ | * | | | * | | | * | २५ | | | २५ | | | २५ | न.पा. | मा वि शा |
| २.१७ | सरोकारवालाहरु र कर्मचारीहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिम | पटक | १ | | | | | * | | | | | | | १५० | | | | मा वि शा |
| ३ | **वित्तिय व्यवस्थापन** | | | | | | | | | | | | | | | | | | |
| ३.१ | राजश्व संकलन कार्यविधि निर्माण | पटक | १ | | * | | | | | | | १०० | | | | | | | राजस्व |
| ३.२ | खरिद प्रक्रिया सम्वन्धी निर्देशिका तयारी | पटक | १ | | | * | | | | | | | ३० | | | | | न.पा | आलेप |
| ३.३ | लेखा प्रणाली लागु गर्न कम्प्युटर सफ्टवेयरको व्यवस्था । | पटक | १ | | * | | | | | | | १५० | | | | | | न.पा. | आप्रशा |
| ३.४ | निजी व्यवसायी र टोल वस्ती संगठनका प्रतिनिधिहरुलाई नगरपालिकावाट लगाइने कर, शूल्क, दस्तुर, जरिवाना र सेवा शूल्कको विषयमा अभिमुखिकरण | पटक | ३ | | | * | | * | | * | | | २० | | २० | | २० | | राजस्व |
| ३.५ | कर्मचारीका लागि वजेटिंग र खर्च व्यवस्थापन र श्रेस्ता प्रणाली सम्वन्धी तालिम । | पटक | १ | | * | | | | | | | ३० | | | | | | | माविशा |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.६ | जिन्सी व्यवस्थापन सम्वन्धी सफट्वेयरको व्यवस्था | पटक | १ | | | | | * | | | | | | | १०० | | | | जिन्सी |
| ३.७ | आन्तरिक लेखापरीक्षण निर्देशिका तयारी | पटक | १ | | | * | | | | | | | ३० | | | | | न.पा | आलेप |
| ३.८ | राजश्व वृद्धि तथा स्रोत पहिचान सम्वन्धि अध्ययन अनुसन्धान | पटक | १ | | | | * | | | | | | | १०० | | | | न.पा. | राजस्व |
| ४ | **सूचना व्यवस्थापन** | | | | | | | | | | | | | | | | | | |
| ४.१ | नगरपार्श्वचित्र निर्माण र छपाई | पटक | १ | | * | | | | | | | ५०० | | | | | | न.पा. | सूचना |
| ४.२ | शाखाहरुमा इन्टरनेट र इन्टरकम जडान | पटक | १ | | | * | | | | | | | ५० | | | | | | सूचना |
| ४.३ | नगरपालिका गतिविधिहरुलाई लिएर रेडियो कार्यक्रम तथा हटलाईन सेवा संचालन | पाक्षिक | ३० | * | * | * | * | * | * | * | ५० | १०० | | | १०० | | | न.पा. | सूचना |
| ४.४ | वेव साइट निर्माण र अद्यावधिक | पटक | सधैं | * | * | * | * | * | * | * | ५० | १० | १० | १० | १५ | १५ | १५ | न.पा | सूचना |
| ४.५ | वार्षिक योजना तथा समिक्षा प्रतिवेदन प्रकाशन | पटक | | | * | * | | * | * | | | ७५ | ७५ | | ७५ | ७५ | | न.पा. | सूचना |
| ४.६ | नगरपालिकाको संक्षिप्त चिनारी प्रकाशन | | | | * | | | | | | | १५० | | | | | | | |
| ५ | **शहरी वातावरण व्यवस्थापन** | | | | | | | | | | | | | | | | | | |
| ५.१ | शहरी वातावरण सुधार सम्वन्धी नीति तथा कार्यविधी तयारी । | पटक | १ | * | | | | | | | ७५ | | | | | | | | वातावरण |
| ५.२ | शहरी वातावरण सुधार गुरु योजना तर्जुमा । | पटक | १ | | * | | | | | | | ३५० | | | | | | | वातावरण |
| ५.३ | कर्मचारी र टोलवस्ती संगठनलाई फोहर मैला व्यवस्थापन (३ आर) तालिम | पटक | ४ | * | * | | | * | | * | १०० | १०० | | | १०० | | १०<br>० | | वातावरण |
| ५.४ | जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन नीति तर्जुमा | पटक | १ | | | * | | | | | | | ३५० | | | | | न.पा. | प्रकोप न्यूनीकरण समिति |
| ५.५ | सरोकारवालाहरुका लागि जोखिम न्यूनीकरण तालिम | पटक | २ | | | | * | | | * | | | | ६० | | | ६० | न.पा. | प्रकोप न्यूनीकरण समिति |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | **समन्वय र सहकार्य विकास** | | | | | | | | | | | | | | | | | | |
| ६.१ | टोल वस्ती समूह गठन र परिचालन | पटक | १ | | | * | | | | | | | १५० | | | | | | गानसा |
| ६.२ | कर्मचारीहरु उपभोक्ता समितिहरु, टोलवस्तीहरु र सरोकारवालाहरु लाई लेखापरिक्षण र सार्वजनिक लेखा परिक्षण सम्वन्धी अभिमुखिकरण | पटक | २ | | | | * | | | * | | | | ७५ | | | ७५ | | आलेप |
| ६.३ | गैसस परिचालन नीति तर्जुमा । | पटक | १ | | | * | | | | | | | ५० | | | | | | साविशा |
| ६.४ | सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन कार्यविधि तयारी | पटक | १ | | * | | | | | | | १५० | | | | | | | सानिसा |
| ६.५ | निजी क्षेत्रलाई सार्वजनिक निजी साझेदारी व्यवस्थापन तालिम | पटक | १ | | | | | | * | | | | | | | ७५ | | | सानिसा |
| ६.६ | मध्यस्थता सेवा संचालन कार्यविधी तयारी | पटक | १ | | | | * | | | | | | | १५० | | | | न.पा. | प्रशासन |
| ६.७ | | | | | | | | | | | | | | | | | | | |
| ६.८ | सेवा प्रदायकहरुको नक्सांकन तथा जनशक्ति परिचालनका लागि रोस्टर तयारी । | पटक | १ | * | | | | | | | २५ | | | | | | | | माविशा |
| ६.९ | गैसस प्रोफाइल तयारी | पटक | १ | | | | | * | | | | | | | ७५ | | | न.पा. | साविशा |
| ६.१० | लैंगिक तथा सामाजिक समावेशीकरण तालिम | | २ | | | * | | | * | | | | ७५ | | | १०० | | न.पा. | साविशा |
| ७ | क्षमता विकास योजनाको अनुगमन तथा मूल्यांकन | | | * | * | * | * | * | * | * | २० | २० | २० | २० | २० | २० | २० | न.पा. | माविशा |
| | नियमित प्रतिवेदन | | | * | * | * | * | * | * | * | ० | ० | ० | ० | ० | ० | ० | | सम्वन्धित शाखा |
| | **जम्मा लागत रु. हजारमा** | | | | | | | | | | ११२० | १९८५ | २२५० | १२९० | १२५५ | १०३५ | ५६५ | | |

## ७.२ बजेट स्रोतको समग्रता तथ प्रक्षेपण

उपरोक्त योजना कार्यान्वयन गर्नका पहिलो वर्ष ११ लाख २० हजार, दोश्रो वर्ष ५५ लाख २५ हजार र तेस्रो वर्ष २८ लाख ५५ हजार गरि जम्मा ९५ लाख लागत अनुमान गरिएको छ । बजेट स्रोतको रुपमा आर्थिक वर्ष ०७३/७४ को अन्तिम चौमासिक भएको हुँदा गत परिषद्बाट विनियोजित बजेटको विश्लेषण गरिएको छैन । अत्याधिक क्रियाकलापहरु आगामी वर्षका लागि प्रस्ताव गरिएको छ । जस अनुसार आ.व. ०७४/७५ को बजेट पुस्तिकाका आधारमा निम्न अनुसारको बजेट स्रोतले क्षमता विकास योजना कार्यान्वयन गर्न सहयोग गर्ने सम्भावना रहेको हुँदा विनियोजित बजेट उल्लेख गरिएको छ । उक्त खण्डमा लक्षित समूह अन्तर्गतका क्षमता विकास गतिविधिहरु समावेश गरिएको छैन, बजेटको समग्र शिर्षकमात्र  प्रस्तुत गरिएको छ । नीतिगत सुधार र संरचनात्मक कार्यका लागि बजेट शिर्षकको व्यवस्था गर्नुपर्ने समेत देखिन्छ ।

**क्षमता विकाससँग सम्वन्धित क्रियाकलापहरुमा आ.व. ०७४/७५ का लागि प्रस्ताव गरिएको बजेट**

**आन्तरिक अनुमानित आम्दानी रु. ७५००००**

| क्र.स. | कार्यक्रमको विवरण | विनियोजित वजेट रु.मा |
|---|---|---|
| १ | मर्मत सम्भार कोष | १०००००० |
| २ | विपद व्यवस्थापन कोष | ४१८००० |
| ३ | वातावरण विशेष कोष | २००००० |
| ४ | फोहरमैला व्यवस्थापन कोष | ५००००० |
| ५ | प्रवर्द्धनात्मक कार्यक्रम | ३३००००० |
| | **जम्मा रु.** | **५४१८०००** |

## प्रस्तावित वजेट आ.व. अनुसार प्रक्षेपण

| क्र.सं. | निकाय | आ.व. अनुसार अनुमानित स्रोत रु. हजारमा | | | |
|---|---|---|---|---|---|
| | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | जम्मा |
| २ | नगरपालिका | ११२० | ५५२५ | २८५५ | ९५०० |
| | प्रतिशत | ११.७९ | ५८.१६ | ३०.०५ | १०० |




## ८ कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन योजना

क्षमता विकास योजना कार्यान्वयनका लागि मुख्यत : नगरपालिका क्षमता विकास समन्वय समिति जिम्मेवार हुनेछ । समितिले मानव सशाधन विकास शाखाको गठन र व्यवस्थापन गरि उक्त शाखा मार्फत समग्र योजना कार्यान्वयन गराउनेछ । मानव संशाधन विकास शाखाका प्रमुख योजना कार्यान्वयनका लागि मुख्य जिम्मेवार हुनेछन् । समितिले हरेक योजनालाई वार्षिक कार्ययोजना भित्र समावेश गरि वार्षिक समिक्षाका आधारमा प्राप्त सुझावहरुलाई समावेश गरि योजना कार्यान्वयन गराउनेछ ।

शाखाले नगरपालिका भित्र रहेका नगर क्षमता विकास कार्यको अनुगमन गर्ने संयन्त्रको रुपमा नगर क्षमता विकास समन्वय समिति रहनेछ । यस समितिले मानव संशाधन विकास शाखालाई क्षमता विकास कार्यको गुणस्तरीयता, प्रक्रिया र उपलब्धि प्राप्ती भए नभएको अनुगमन तथा मूल्यांकन कार्यमा परिचालित गर्नेछ । योजना अनुगमन तथा मूल्यांकन अनुसार हुनेछ ।

- नगर क्षमता समन्वय समितिले समग्र योजनाको अनुगमन गर्नेछ ।
- अनुगमन कार्यका लागि मानव संशाधन विकाश शाखाले आवश्यक ढाँचा निर्माण गर्नेछ ।
- क्षमता विकासका लागि तयार भएका रणनितीतिहरु, क्रियाकलापको सम्पन्नताको अवस्था, अपेक्षित प्रतिफल र सूचकलाई अनुगमन तथा मूल्यांकनको आधार मानिनेछ ।
- त्रैमासिक रुपमा योजनाको अनुगमन हुनेछ भने वार्षिक रुपमा योजनाको समिक्षा गरिनेछ ।
- योजना अनुगमनका लागि समन्वय समिति, मानव संशाधन विकास शाखा लगायत आन्तरिक जनशक्ति परिचालन हुनेछ भने योजनाको अन्तिम मूल्यांकनका लागि वाह्य सेवा प्रदायकको परिचालन गरिनेछ ।

योजनाको समिक्षा तथा मूल्यांकन प्रक्रियाले योजना कार्यान्वयनका रणनीतिहरु तथा क्रियाकलाप हेरफेर गर्न सक्नेछ ।

# ९ दिगोपना

क्षमता विकासकार्य अन्य विकास निर्माणका कार्यहरु सँग सँगै संचालन हुने अभिन्न कार्य हो । क्षमता विकास कार्यको दिगोपना नगर विकासको दिगोपनासँग सम्वन्धित रहेको छ । यसर्थ नगरपालिकाले क्षमता विकासको दिगोपनाका लागि निम्नअनुसारका नीति तथा रणनीति तथा क्रियाकलापहरुको अनुशरण गर्नेछ ।

- क्षमता विकास योजना कार्यलाई निरन्तरता दिनका लागि नगरपालिकाले मानव संशाधन विकास शाखाको स्थापना तथा नगर क्षमता विकास कोषलाई प्रभावकारी रुपमा संचालन गर्नेछ
- वार्षिक रुपमा नगर विकासलाई नगर क्षमता विकासको अवस्थासँग दाँजेर हेर्ने तथा नगर विकासको अभिन्न पक्षको रुपमा क्षमता विकास कार्यलाई लिइएको हुनेछ । नगरपालिकाले क्षमता विकास सम्वन्धी कार्यलाई समेत नगरपालिकाको उपलब्धीको रुपमा मापन गर्नेछ ।
- क्षमता विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगर क्षमता विकास समन्वय समितिको भूमिकालाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।
- नगरपालिकाको क्षमता विकासका क्रियाकलापहरु संचालन गर्ने, सहजीकरण गर्ने तथा समन्वय गर्ने कार्य मानव संशाधन विकास शाखाले गर्नेछ । साथै नगरपालिकाका विभिन्न शाखाहरु अन्तर्गत हुने कुनै पनि क्षमता विकास सँग सरोकार राख्ने कार्यहरुको संयोजन मानव संशाधन विकास शाखाबाट हुने प्रवन्ध मिलाईनेछ । नगर क्षमता विकास कोषमा स्थानीय निकायहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु तथा विभिन्न दातृनिकायहरुबाट श्रोत संकलन गरि क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- मानव संशाधन विकास शाखालाई मानव संशाधन तथा क्षमता विकास संग सम्वन्धीत कार्यहरुबारे अझ दक्ष बनाउन सम्वन्धित शाखा हेर्ने कर्मचारीहरुलाई विभिन्न तालिम अवलोकनहरु गराइनेछ । यसरी गराईएका अवलोकन तथा अध्ययनहरुमा अन्य निकायहरुले क्षमता विकास सँग सम्वन्धित रहेर गरेका उपलब्धिहरुको अध्ययन हुनेछ ।

# अनुसूचीहरु


अनुसूची १ क्रियाकलापहरुको प्राथमिकीकरण
अनुसूची २ क्षमताको लेखाजोखा स्थिति
अनुसूची ३ सरोकारवालाहरुको विश्लेषण
अनुसूची ४ लेटाङ्ग नगरपालिका, क्षमता विकास योजना तर्जुमा क्रियाकलाप तालिका
अनुसूची ५ योजना तर्जुमा प्रक्रियामा रहेको सहभागिता विवरण

# अनुसूची १ क्रियाकलापहरुको प्राथमिकीकरण

| क.सं. | क्रियाकलापहरु | प्राथमिकताक्रम |
|---|---|---|
| **१** | **विकास व्यवस्थापन** | |
| १.१ | आवधिक नगर विकास योजना तयारी र प्रकाशन । | १ |
| १.२ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी रणनीतिक योजना तर्जुमा । | २ |
| १.३ | अनुगमन र मूल्यांकन प्रणाली तथा कार्यविधि निर्माण | ३ |
| १.४ | टोलवस्ती संगठन र उपभोक्ता समूहहरुलाई सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, गरिव तथा समावेशीकरणमुखी विकास व्यवस्थापन सम्वन्धी अभिमुखीकरण । | ४ |
| १.५ | लक्षित समूह पार्श्वचित्र | ५ |
| १.६ | मर्मत सम्भार कोष संचालन निर्देशिका तयारी | ६ |
| १.७ | क्षमता विकास योजनाको समिक्षा | ७ |
| १.८ | सार्वजनिक निजी साझेदारीमार्फत कार्यक्रम गर्न अध्ययन | ८ |
| १.९ | विकास योजनाको प्रभाव मूल्यांकन | ९ |
| **२** | **संगठनात्मक व्यवस्थापन** | |
| २.१ | मानव संशाधन विकास शाखाको गठन तथा क्षमता विकास कोषको स्थापना | १ |
| २.१ | क्षमता विकास योजना तर्जुमा , योजना पुस्तिका प्रकाशन | २ |
| २.३ | मानव संशाधन विकास शाखाका संचालन का लागि निर्देशिका तथा नर्म्स निर्धारण | ३ |
| २.४ | राजनीतिक दल र कर्मचारीहरुका लागि स्थानीय सम्बन्धमा अनुशिक्षण | ४ |
| २.५ | कर्मचारीहरु र निर्वाचित पधाधिकारीहरुलाई सकारात्मक सोच सम्वन्धि तालिम | ५ |
| २.६ | कर्मचारीहरुलाई वार्षिक कार्यतालिका निर्माण सम्वन्धी अभिमुखिकरण | ६ |
| २.७ | सांगठनिक विकास अध्ययन | ७ |
| २.८ | नगरपालिकाका कर्मचारी र उपभोक्ता समितिहरुलाइ सुशासन सम्वन्धी तालिम | ८ |
| २.९ | प्राविधिक कर्मचारीका लागि सर्वे डिजाइन सम्वन्धी आधारभूत तालिम | ९ |
| २.१० | अध्ययन अवलोकन भ्रमण (संयन्त्र, कर्मचारी र समिति) | १० |
| २.११ | कर्मचारीहरुलाई श्रोत परिचालन तथा व्यवस्थापन तालिम | ११ |
| २.१२ | उपभोक्ता समूह तथा टोल वस्ती संगठनलाई परियोजना व्यवस्थापन तालिम | १२ |
| २.१३ | कर्मचारीहरुको आचार संहिता निर्माण गरि सार्वजनिकीकरण | १३ |
| २.१४ | शाखा प्रमुख तथा गैसस र उपभोक्ता समूहहरुलाई परियोजना प्रस्ताव लेखन तथा प्रतिवेदन लेखन तालिम | १४ |
| २.१५ | समिति सदस्यहरुलाई विषय क्षेत्रसँग सम्वन्धित अभिमुखिकरण | १५ |
